चामुण्डा विन्द्रासैनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय,

जैथिकाँधे, दैलेख

कर्णाली. प्रदेश, नेपाल

## नदिजन्य पदार्थ उत्खनन गरी वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना

**सुचना नं : ०१/०७७/०७८**

**प्रथम पटक प्रकाशित मिति : २०७७०५।२४**

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ६२ क. र यस चामुण्डा विन्द्रासैनी नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा १३ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदिहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थहरु (ढुंगा, गिट्टी बालुवा तथा मिस्कट) उत्खनन गरि यस नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७६/७७ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरि तपशिल वमोजिमका शर्तहरुको अधिनमा रहि दरभाउपत्र प्रक्रियामा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | सूचना नं./ वोलपत्र न. | दरभाउपत्रको नाम | कामको विवरण स्थान | उत्पादन परिमाण (घन मि) | न्यनतम ठेक्का रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | बैक जमानत धरौटी रकम रु. | दरभाउपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|---|
| १ | BGM/01-01/2077/78 | नदिजन्य पदार्थहरु (ढुंगा, गिट्टी बालुवा तथा मिस्कट) उत्खनन तथा संकलन एवं आन्तरिक विक्रि वितरण कार्यको कर असुल उपरसम्वन्धी ठेक्का | चामुण्डाविन्द्रासैनि नगरपालिका अर्न्तगत नदि जन्य पदार्थहरु (ढुंगा, गिट्टी, बालुवा तथा मिस्कट उत्खनन तथा संकलन र बिक्रि वितरण कार्य<br>**कर्णाली नदि रामाघाट र लामा दुवाला** | २०००।०० | २००,०००।०० | कबोल अंकको २.५ प्रतिशत रकम वा ९० दिन म्याद भएको वैक जमानत | १०००।०० (एक हजार मात्र) |
| २ | BGM/01-02/2077/78 | | **रामाघाट खोला (रामाघाट, पुलवजार र मटेला सम्म)** | ५०००।०० | ५००,०००।०० | कबोल अंकको२.५ प्रतिशत रकम वा ९० दिन म्याद भएको वैक जमानत | १०००।०० (एक हजार मात्र) |
| ३ | BGM/01-03/2077/78 | | **पादुका खोला (गडेज्युला देखि पादुका सम्म)** | ५०००।०० | ५००,०००।०० | कबोल अंकको२.५ प्रतिशत रकम वा ९० दिन म्याद भएको वैक जमानत | १०००।०० (एक हजार मात्र) |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाण पत्र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७६/७७ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, वोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल एस वि आई चामुण्डा शाखामा रहेको यस कार्यालयको राजस्व खाता नं. ग(१.१) ४१२९५२४१२०७००४ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरि यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र कार्यलयवाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ । दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगतै पछिको कार्यालय खोल्ने दिन उल्लेखित कार्य हुने छ ।

२. दरभाउपत्र सम्वन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेखित गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । आफुले कबोल गरेको अंकको २.५ प्रतिसतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको एस वि आई चामुण्डा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग (३) ४१२२५२४०६००००७ मा जम्मा गरि सो को

सक्कल वैक भौचर वा नेपाल राष्ट्र वैक वाट इजाजत प्राप्त क वर्गको वैक वाट यस कार्यालयको नाममा दरभाउपत्र नं. र नाम उल्लेख गरि ९० दिनको म्याद सहित जारी गरिएको विडवण्ड शिलवन्दि खामसाथ पेश गर्नु पर्ने छ।

३. खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरि दरभाउपत्र दाताले प्रत्येक पानामा सहि छाप गरि सिलवन्दि गरि खाम वाहिर फर्मको नाम र ठेगाना कामको विवरण दरभाउपत्र विवरण प्रोपराइटरको नाम ठेगाना, फोन नं., मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० वजे भित्र यस कार्यालयमा हार्डकपि दर्ता गर्नु पर्ने छ।

४. यस फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामवाट दाखीला गर्न पाइने छैन। रितपूर्वक पर्न आएका दरभाउपत्र सम्वन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० वजे देखि कार्यालयका, प्रतिनिधि, निर्माण व्यावसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलीने छ। साथै दरभाउपत्रदाता वा निजको प्रतिनिध दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगतै पछि कार्यालय खोलेको दिनमा गरिने छ।

५. दरभाउपत्र सम्वन्धि विस्तृत जानकारी दरभाउपत्र सम्वन्धि फाराममा उल्लेखित गरिएको हुँदा सोही पुस्तिकावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ। म्याद नाघि रित नपुगी वा सर्त सहित पेश हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. दरभाउपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा सूचना टास भएको मितिले १५ दिन भित्र मु.अ.करदाता प्रमाण पत्र समेत लिई कवोल अंकको प्रथम किस्तावापत ५० प्रतिसत ले हुने रकम अनिवार्य वुझाउनु पर्ने छ। दोश्रो किस्ता वापत ५० प्रतिसतले हुने रकम नेपाल राष्ट्रबैकवाट इजाजत प्राप्त बैकवाट यस कार्यालयको नाममा २०७८ असार मसान्त सम्मको म्याद सहित जारी गरिएको वैक ग्यारेन्टी (परफरमेन्स वण्ड) समेत पेशगरि पट्टा उठाउनु पर्ने छ। साथै दरभाउपत्र कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अंक सेवा सुल्क वापत हुनआउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिसत भ्याट रकम समेत यस कार्यालयमा वुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्र दाताले छुट्टै वुझाउनु पर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरि नियमानुसार वन्दोवस्त गरिने छ। यस नगरपालिकाका नदि तथा नदिहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ सम्वन्धि स्थानीय तहवाट जारी भएका कानुन प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड वमोजिम हुने छ। साथै यस कार्यालयवाट गरिएको वातावरणीय अध्यन प्रतिवेदन यस दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिने छ।

विस्तृत जानकारीका लागि यस कार्यालयको Website:www.chamundabindrasainimun.gov.np मा समेत हेर्न सकिने छ।

..................................
प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशास...